नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२ चलानी नं.:- ४४

मितिः-२०८१/०५/०२

ने.सं.११४४ गुँलाथ्व १४

विषयः- मानव अधिकार पुरस्कारको लागि दरखास्त आह्वान समन्वनी सूचानाको प्रचार प्रसार सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको च.नं. १९ मिति २०८१/०४/३० को मानव अधिकार पुरस्कारको लागि दरखास्त आह्वान समन्वनी सूचानाको प्रचार प्रसार सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

संघीय मामिला

दर्ता ४०३ ५।२

नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.............................................. शाखा)

सिंहदरबार, काठमाण्डौ

प.सं. : ०८१।८२, अ.प्र.

च.नं. : ९१

मितिः २०८१/०४/३०

ने.सं. ११४४ गुंलाथ्य नवमी

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४८३
दर्ता मितिः- २०८१/०८/१२

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः मानव अधिकार पुरस्कारको लागि दरखास्त आह्वान सम्बन्धी सूचनाको प्रचार प्रसार सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा नेपाल सरकारको तर्फबाट विश्व मानव अधिकार दिवसको अवसरमा मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउनु हुने एकजना व्यक्ति र एउटा संस्थालाई मानव अधिकार पुरस्कार प्रदान गरिदै आएको व्यहोरा अनुरोध छ। यसै सन्दर्भमा संवत् २०८१ को मानव अधिकार पुरस्कारका लागि इच्छुक योग्य व्यक्ति तथा संस्थाहरुको दरखास्त आह्वान गरिएको सूचना तँहा मन्त्रालयको बेभसाइटमा राखी साथै सबै स्थानीय तहमा समेत पत्राचार गरी जानकारी गराई बढी भन्दा बढी मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति तथा संस्था समक्ष पुऱ्याउने कार्यमा सहयोग गरिदिनुहुन उल्लिखित सूचनाको प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

स्थानीय तह समन्वय शाखा

पत्राचार गर्नु

२०८१।०८।३०

(अनुजा दत्त)
शाखा अधिकृत

फोन नं.: ०१-४२११८७२, ४२११९७४, ४२११९८७, फ्याक्स नं. ०१-४२११६८४ इमेल: infolaw@moljpa.gov.np

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

# मानव अधिकार पुरस्कार सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०८१/४/२९)

मानव अधिकारको संरक्षण र संवर्द्धनमा उल्लेखनीय योगदान पुर्‍याउने एक जना व्यक्ति र एउटा संस्थालाई प्रत्येक वर्ष अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा नेपाल सरकारको तर्फबाट **मानव अधिकार पुरस्कार** प्रदान गरिने व्यहोरा सूचित गरिन्छ। संवत् २०८१ मा प्रदान गरिने मानव अधिकार पुरस्कारका लागि इच्छुक योग्य व्यक्ति तथा संस्थाहरुले **मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५** र **मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८** बमोजिम आवश्यक कागजात संलग्न गरी सोही कार्यविधिको अनुसूचीमा उल्लिखित ढाँचामा यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र यस मन्त्रालयमा आवेदन दिई वा यस मन्त्रालयको तल उल्लिखित इमेलमा पठाई मानव अधिकार पुरस्कार छनौट प्रक्रियामा सहभागी हुन आह्वान गरिन्छ ।

इमेलः **hrprize@moljpa.gov.np**

पुनश्चः **मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५** र **मानव अधिकार पुरस्कार वितरण कार्यविधि,** २०७८ यस मन्त्रालयको वेबसाइट **(www.moljpa.gov.np)** मा राखिएको छ ।

मानव अधिकार पुरस्कार समितिको सचिवालय,
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।